# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, चैत २४ गते २०५९ साल (अतिरिक्ताङ्क ९०

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम न्याय परिषद्को सिफारिसमा २०६० साल वैशाख १ गतेदेखि तोकिएको एक वर्षको म्याद समाप्त हुने मितिबाट लागू हुने गरी पुनरावेदन अदालत, जुम्लाका अतिरिक्त न्यायाधीश श्री महेश्वरलाल मिश्रलाई २०६० साल कार्तिक मसान्तसम्म र पुनरावेदन अदालत, दिपायलका अतिरिक्त न्यायाधीश श्री परशुराम झा र पुनरावेदन अदालत, सुर्खेतका अतिरिक्त न्यायाधीश श्री चोलेन्द्रशमशेर ज.ब.रा. लाई २ (दुई) वर्षको म्याद थप गरिबक्सेको छ ।

हुकुम बक्सेबमोजिम,
मी.सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
1223

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1220